# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. :४००

मिति: २०८३/०१/११ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

**यात्रु वाहक बसमा सवार व्यक्तिलाई लागु औषध खैरो हेरोईन ४७ ग्राम सहित पक्राउ।**

उपरोक्त सम्बन्धमा बर्दियाबाट काठमाण्डौ आउँदै गरेको यात्रु वाहक बस र सो बसमा रहेका यात्रुहरुलाई चेकजाँच गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गाबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०१।११ गते ११:३० बजेको समयमा जिल्ला काठमाण्डौ चन्द्रागिरी न.पा. वडा नं.२ स्थित नागढुङ्गा चेकपोष्टबाट जिल्ला बर्दिया गुलेरिया न.पा. वडा नं. १ ठेगाना भएका वर्ष २४ को निकलेश गोटियालाई लागु औषध खैरो हेरोईन ४७ ग्राम सहित पक्राउ गरी थप अनुसन्धानको सिलसिलामा निजसँग लागु औषध कारोवारमा संलग्न जिल्ला काठमाण्डौ का.म.न.पा.४ ठेगाना भएका वर्ष ४१ को विजय थापालाई ऐ. मिति १५:३० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा.४ स्थितबाट डिजिटल तराजु थान १ सहित पक्राउ गरी, पक्राउ प्रतिवादीहरु २ जनालाई आवश्यक अनुसन्धान कार्वाहीको लागी प्रहरी बृत्त थाकोटमा बुझाइएको।

***पक्राउ परेका प्रतिवादीहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम थप अनुसन्धान भई रहेको।***




**सह-प्रवक्ता**

**(जिवन निरौला)**

**प्रहरी नायव उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]

इमेल: [ncb@nepalpolice.gov.np]